(संवत् २०८० साल वैशाख मसान्तसम्म भएका संशोधन मिलाइएको)

# हात्तीको व्यवस्था गर्ने नियमहरु, २०२२

**<u>नेपाल राजपत्रमा प्रकाशित मिति</u>**

२०२३।१।६

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरुको नाम "हात्तीको व्यवस्था गर्ने नियमहरु, २०२२" रहेको छ ।

(२) यी नियमहरु तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरुमा,–

(क) "हात्तीसार" भन्नाले हात्तीहरुको व्यवस्था गर्ने नेपाल सरकारले खडा गरेको हात्तीसार अड्डा सम्झनु पर्छ ।

(ख) "हाकिम" भन्नाले हात्तीसार अड्डाहरुमा रहेका मुख्य अधिकृत सम्झनु पर्छ ।

३. **<u>हाकिमको कर्तव्यः</u>** हाकिमको कर्तव्यहरु देहाय बमोजिमका हुनेछन्:—

(१) हात्तीसारलाई हात्तीको स्वास्थ्य अनुकूलको ठाउँमा स्थापित गर्न नेपाल सरकारमा सिफारिस पेश गर्ने,

(२) हात्तीको स्वास्थ्य र सुव्यवस्था गर्दा हात्तीको नुहाउने, निन्द्रा समय र घाँस दाना आदिको पूर्ण जिम्मेवारीसाथ प्रबन्ध गर्ने,

(३) हात्तीको स्वास्थ्यलाई हानी नपुग्ने गरी हात्तीहरुको प्रयोगको उचित व्यवस्था गर्ने,

(४) अन्य आवश्यक काम कुरा जस्तै घाँस र फोहर मैला फ्याँक्ने व्यवस्था मिलाउने।

४. **हात्तीको प्रयोगमा शर्त बन्देज**: (१) वन सेवामा रहेका कर्मचारीहरुले आफ्नो कर्तव्यको पालन गर्ने सिलसिलामा बाहेक अन्य सरकारी वा गैरसरकारी व्यक्तिहरुले नेपाल सरकारबाट तोकिएको दरले भाडा तिरेर मात्र हात्तीको प्रयोग गर्न पाउने छन् ।

(२) हात्तीले हात्तीसार छोडेको दिनदेखि हात्तीसार फिर्ता पुगेको दिनसम्मको हिसाब गरी भाडा असुल उपर गरिनेछ ।

(३) हात्तीको प्रयोग गर्न निमित्त सम्बन्धित इलाकाको कन्जरभेटर कार्यालयमा वा सम्बन्धित हात्तीसारमा रु.१।- एकको टिकट टाँसी दरखास्त दिनु पर्दछ र कन्जरभेटरले वा हाकिमले हात्तीलाई फुर्सद भै प्रयोग गर्न दिन मनासिब ठानेमा प्रयोग गर्न अनुमति दिन सक्नेछ ।

(४) आवश्यक परेमा नेपाल सरकारले बिना भाडामा पनि हात्ती दिन सक्नेछ । तर राजनैतिक काम र बोझ बोक्ने कामको लागि हात्तीहरु दिइने छैन ।

५. **हात्ती मरेमा गर्ने**: (१) कुनै हात्ती केही कारणले मर्न गएमा सम्बन्धित इलाकाको कन्जरभेटरले आवश्यक जाँच पडताल गरी वा गर्न लगाई हात्तीको अन्त्येष्टी कर्म गर्न आदेश दिनेछ।

(२) कन्जरभेटरले आफ्नो जाँच पड्तालको प्रतिवेदनमा हात्ती मर्नाको सबै कारण राम्रोसँग खुलाई चीफ कन्जरभेटर कार्यालयमा चाँडो पठाउनु पर्दछ । प्रतिवेदन साथ त्यस्तो हात्तीको हस्तिहाड, दाँत र गजमोती भए सो समेत चलानी गरी पठाउनु पर्दछ ।

६. **चीफ कन्जरभेटरको अधिकारः** चीफ कन्जरभेटरले हात्तीको सुव्यवस्थाको लागि आवश्यक ठानेको आदेश वा निर्देश कन्जरभेटरहरु वा हाकिमलाई दिन सक्नेछ ।

कानून, न्याय तथा संसदीय मन्त्रालय

**द्रष्टव्यः** (१) केही नेपाल कानून (संशोधन) ऐन, २०२४ द्वारा रूपान्तर भएका शब्दहरुः-

"अफिसर" "अफिस" र "रिपोट" को सट्टा "अधिकृत" "कार्यालय" र "प्रतिवेदन"।

(२) नेपाल कानून संशोधन गर्ने ऐन, २०६३ द्वारा रुपान्तर भएका शब्दहरुः-

"श्री ५ को सरकार" को सट्टा "नेपाल सरकार" ।